जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक
## राष्ट्रिय दैनिक Samvahak National Daily

वर्ष : ३ अंक : २२७ २०८२ साल फागुन २९ गते, शुक्रबार Friday, Mar.– 13 2026 मूल्य रु. ५/- पृष्ठ : ४

सूचना

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

# बारामा पेट्रोल–डिजेलको कृतिम अभाव गरि पेट्रोल पम्प र आयल निगम मनपरी

***बाराबाट विशेष रिपोर्ट, फागुन २८, २०८२*** – बाराको बजारमा पेट्रोल र डिजेलको अभाव फेरि समस्या बनेको छ। स्थानीय र उपभोक्ताहरूका अनुसार प्रायः पेट्रोल पम्पहरूले "डिजेल छ, पेट्रोल छैन" वा "पेट्रोल छ, डिजेल छैन" जस्ता बोर्ड झुण्डाएर कृतिम अभाव सिर्जना गरिरहेका छन्। दिनमा पम्प ताला लगाइन्छ, राति मात्र उच्च मूल्यमा बिक्री हुने प्रवृत्ति देखिएको छ।




कृषि क्षेत्रमा असर गम्भीर छ। अहिले गहुँको सिजन भएकाले किसानले थ्रेसर चलाउन ठूलो मात्रामा डिजेल आवश्यक पर्छ। तर पम्पमा अभाव, परिमाणमा छेडछाड र मिसावट जस्ता अनियमितता विगतका अनुगमन तथ्यांकले पुष्टि गरिसकेको छ। यसले किसानको उत्पादनमा प्रत्यक्ष असर पुर्याइरहेको छ। किसानहरूले आफ्ना खेतमा समयमै दाइ गर्न नपाउँदा उत्पादन र आम्दानीमा क्षति भोग्नुपरेको बताएका छन्।

सार्वजनिक यातायात र निजी सवारी साधन पनि प्रभावित भएका छन्। लामो लाइन, कालोबजारी र अनियमित वितरणले जनजीवनमा प्रत्यक्ष बाधा पुर्याइरहेको छ। यात्रुहरू र दैनिक व्यवसायमा संलग्न व्यक्तिहरूलाई यातायात सेवामा कठिनाइ भोग्नुपरेको छ।

स्थानीयहरूले आरोप लगाएका छन् कि अन्तर्राष्ट्रिय तनाव–ईरान, अमेरिका र इजरायलबीचको युद्ध–को हवाला दिँदै इन्धन आपूर्ति नियन्त्रण गरिएको छ। पम्पहरूले दिनमा ताला लगाएर, राति मात्र बिक्री गर्ने प्रवृत्ति बढाएको उनीहरूको भनाइ छ।

नेपाल आयल निगमले बारम्बार स्टक पर्याप्त छ, अभाव नहुने दाबी गरेको भए पनि बजारमा वास्तविक अभाव र कालोबजारी देखिनु उपभोक्ताका लागि चुनौती बनेको छ। विशेषज्ञहरूले भनेका छन् कि निगम र सम्बन्धित प्रशासनले तत्काल अनुगमन बढाएर इन्धन आपूर्ति पारदर्शी बनाउनु आवश्यक छ। पम्पमा नियमित निरीक्षण, कालोबजारी रोकथाम र उपभोक्ताको सहज पहुँच सुनिश्चित गर्न प्रशासनको सक्रिय भूमिका अपरिहार्य छ।

दीर्घकालीन समाधानका लागि ऊर्जा विशेषज्ञहरूले स्वदेशी ऊर्जा स्रोतको प्रयोग, वैकल्पिक ऊर्जा विकल्प र स्थानीय स्तरमा आपूर्ति प्रणाली सुधार आवश्यक ठानेका छन्। संकटलाई अवसरमा बदल्दै पारदर्शी व्यवस्थापन र दीर्घकालीन नीति

# बालेन क्याबिनेट: युवा, छरितो र नतिजामुखी सरकारको प्रारम्भिक रूपरेखा

***काठमाडौं, २८ फागुन २०८२*** – फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अप्रत्याशित सफलता हासिल गर्दै दुईतिहाइ नजिकको नतिजा प्राप्त गरेको छ। रास्वपाले कुल २७५ सदस्यीय प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सिट जितेर १८२ सिटमा पहुँच बनाएको छ। यसले नयाँ सरकार गठनको मार्ग खुलाइदिएको छ।




नवनिर्वाचित प्रधानमन्त्री बालेन शाहको नेतृत्वमा बन्ने सरकार छरितो, युवा र समावेशी हुने अपेक्षा गरिएको छ। बालेन निकटका अनुसार, नयाँ मन्त्रिपरिषद् राजनीतिक भागबण्डा वा व्यक्तिगत सन्तुष्टि भन्दा बढी कार्यक्षमता र नतिजामुखी हुनेछ। मन्त्रीहरू चयन गर्दा 'स्पिरिट' र 'स्पीड' विशेष प्राथमिकता राखिनेछ। प्रत्येक मन्त्रीले आफ्नो मन्त्रालय सम्हालेको पहिलो १०० दिनभित्र के-के काम सम्पन्न गर्ने भन्ने स्पष्ट कार्यतालिका ('टाइम कार्ड') प्राप्त गर्नेछन्। यदि तोकिएको समयसीमा भित्र अपेक्षित परिणाम नआएमा मन्त्रीहरूले जवाफदेही हुनुपर्ने व्यवस्था लागू हुने बताइएको छ।


स्रोतहरूका अनुसार, बाहिरका विज्ञलाई ल्याएर मन्त्री बनाउने योजना अहिलेसम्म छैन। रास्वपाका सांसदहरू आफूमध्ये नै विभिन्न क्षेत्रमा विज्ञ भएकाले उनीहरूलाई प्राथमिकता दिइनेछ। सांसदहरूको सूचीलाई 'सर्ट लिस्ट'मा तयार पारेर सभापति रवि लामिछाने, उपसभापति डा. स्वर्णिम वाग्ले, डीपी अर्याल लगायत शीर्ष नेतासँग समन्वयमा अन्तिम निर्णय गरिनेछ। समावेशिताको पक्षमा पनि बालेन क्याबिनेट गम्भीर छ। क्याबिनेटमा कम्तीमा एकजना 'जेनजी' पुस्ताका मन्त्री रहनेछन् भने महिला, आदिवासी जनजाति, दलित र मधेसी समुदायको सम्मानजनक र अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गरिनेछ। यसले राजनीतिक विविधतालाई प्रतिनिधित्व

बाँकी तेस्रो पृष्ठमा

# निर्वाचन आयोगले टुंग्यायो समानुपातिक सांसद संख्या

***काठमाडौं, २८ फागुन २०८२*** – निर्वाचन आयोगले समानुपातिकतर्फ दलगत रुपमा सांसदहरूको संख्या आधिकारिक रूपमा टुंगो लगाएको छ। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जारी गरेको विज्ञप्तिमा राष्ट्रिय दल बनेका ६ दलले कति-कति सांसद पाउने निश्चित भएको जानकारी दिइएको छ।






निर्वाचन परिणामअनुसार, राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकतर्फ ५७ सांसद पाउनेछ भने नेपाली कांग्रेसले २०, नेकपा एमालेले १६ र नेकपाले ९ सांसद पाउने निश्चित भएको छ। यसैगरी, श्रम संस्कृति पार्टी र दराष्ट्रिय प्रजातन्त्र पार्टी ( राप्रपा)८ले समान रूपमा ४-४ सांसद पाउने जानकारी आयोगले दिएको छ।

निर्वाचन आयोगले यसअघि राष्ट्रिय दलमा दर्ता भएका दलहरूलाई समानुपातिक उम्मेदवारको नाम तीन दिनभित्र छनोट गरी पेश गर्न निर्देशन दिएको छ। यसले दलहरूलाई आफ्नो सूची तयार गर्ने र निर्वाचन आयोगमा दर्ता गर्ने प्रक्रिया थालनी गर्न सजिलो बनाउने अपेक्षा गरिएको छ।

विशेषज्ञहरूका अनुसार समानुपातिक सांसदहरूको यस प्रकारको आधिकारिक पुष्टि राजनीतिक स्थिरता र सरकार गठन प्रक्रिया अघि बढाउन महत्वपूर्ण छ। समानुपातिक प्रणालीले दलगत प्रतिनिधित्व सुनिश्चित गर्दै, साना दलहरूलाई पनि संसदमा उपस्थित हुन अवसर दिएको बताइन्छ।

यस निर्णयसँगै अब दलहरू आफ्नो उम्मेदवार सूची छान्ने प्रक्रिया थालनी गर्नेछन् र सरकारले जल्दै संसदमा नयाँ समावेशी र प्रतिनिधिसभात्मक संरचना अनुसार काम गर्न सुरु गर्ने तयारी गर्नेछ।

# "ग्यास अभाव : कहिलेसम्म सास्ती ? अब दीर्घकालीन समाधानको खाँचो"

***"नेपालमा ग्यास अभाव बारम्बार दोहोरिँदै आएको छ। दीर्घकालीन समाधानका लागि आयातित ग्यासमा निर्भरता घटाएर विद्युत प्रयोग बढाउनु, स्वदेशी स्रोतको उपयोग अघि बढाउनु र सस्तो, सुलभ ऊर्जा उपलब्ध गराउनु अब अपरिहार्य छ।"***



लेखक: पन्नालाल दास

नेपालमा खाना पकाउने ग्यासको अभाव कुनै नयाँ समस्या होइन। केही वर्षको अन्तरालमै ग्यास आपूर्ति घट्ने, बजारमा हाहाकार मच्चिने र सर्वसाधारणले ग्यासका लागि घण्टौँ लाइन बस्नुपर्ने दृश्य दोहोरिँदै आएको छ। अहिले पनि त्यही अवस्था फेरि देखिएको छ। आपूर्ति घट्नेबित्तिकै बजारमा अभाव बढ्ने र उपभोक्ता सास्ती भोग्ने चक्र नेपालमा बारम्बार दोहोरिएको यथार्थ हो।

नेपालमा प्रयोग हुने एलपी ग्यास पूर्ण रूपमा आयातमा निर्भर छ। मुख्य रूपमा भारतमार्फत आउने आपूर्तिमा सानो समस्या देखिँदा पनि देशभर यसको असर तुरुन्त देखिन्छ। अन्तर्राष्ट्रिय परिस्थिति, ढुवानी समस्या वा कूटनीतिक कारणले आपूर्ति प्रभावित हुँदा नेपालमा ग्यासको अभाव देखिने गरेको छ। यसले नेपालको ऊर्जा प्रणाली कति परनिर्भर छ भन्ने कुरा स्पष्ट देखाउँछ।

ग्यास अभाव हुँदा सबैभन्दा बढी मार उपभोक्ताले भोग्नुपर्छ। ग्यास डिपोअगाडि लामो लाइन बस्नुपर्ने, सिलिन्डरका लागि दिनौं कुर्नुपर्ने र कहिलेकाहीँ कालोबजारीको सामना गर्नुपर्ने अवस्था सामान्यजस्तै बनिसकेको छ। २०७२ सालको भारतीय नाकाबन्दीदेखि पछिल्ला वर्षहरूमा पनि पटक-पटक यस्तो समस्या दोहोरिएको छ। यसले ऊर्जा सुरक्षाबारे सरकारको दीर्घकालीन तयारी कति कमजोर छ भन्ने प्रश्न पनि उठाएको छ।

यस समस्याको दीर्घकालीन समाधान भनेको आयातित ग्यासमाथिको निर्भरता क्रमशः घटाउनु हो। नेपाल जलविद्युत उत्पादनको ठूलो सम्भावना भएको देश भएकाले घरायसी काम, विशेषगरी खाना पकाउने क्षेत्रमा विद्युत प्रयोग बढाउन सकिन्छ। अहिले पनि धेरै जलविद्युत परियोजनाबाट उत्पादन भएको विद्युत वर्षायाममा पर्याप्त खपत नहुँदा खेर जाने अवस्था छ। यदि सरकारले योजनाबद्ध रूपमा विद्युत प्रयोगलाई प्रोत्साहन गर्‍यो भने ग्यासको खपत उल्लेखनीय रूपमा घटाउन सकिन्छ।

इन्डक्सन चुलो, इलेक्ट्रिक कुकर, माइक्रोवेभजस्ता उपकरण प्रयोग गर्न उपभोक्तालाई प्रेरित गर्ने, त्यस्ता उपकरणमा सहुलियत दिने तथा खाना पकाउने प्रयोजनका लागि सस्तो दरमा विद्युत उपलब्ध गराउने नीति ल्याउन सके ठूलो परिवर्तन सम्भव छ। यसले एकातर्फ आयातित ग्यासमा हुने निर्भरता घटाउनेछ भने अर्कोतर्फ स्वदेशी ऊर्जा प्रयोग बढाएर अर्थतन्त्रलाई पनि टेवा पुर्‍याउनेछ।

यससँगै नेपालमा प्राकृतिक ग्यासको सम्भावना रहेको दैलेख क्षेत्रको विषय पनि लामो समयदेखि चर्चामा रहँदै आएको छ। विभिन्न अध्ययनले त्यहाँ पेट्रोलियम तथा ग्यासको सम्भावना देखाए पनि यसको व्यावसायिक उत्खनन अझै सुरु हुन सकेको छैन। यदि दैलेखको स्रोतलाई व्यवस्थित रूपमा विकास गर्न सकियो भने नेपालका लागि ऊर्जा सुरक्षामा ठूलो उपलब्धि हुन सक्छ। त्यसैले अन्वेषण र उत्खननको कामलाई अब ढिलाइ नगरी अघि बढाउनु आवश्यक देखिन्छ।

निर्वाचनपछि बन्ने नयाँ सरकारका लागि पनि ग्यास आपूर्ति व्यवस्थापन

बाँकी तेस्रो पृष्ठमा

# बारामा गाँजासहित दुई पक्राउ

***संवाहक सम्वादाता***–२९फागुन, कलैया नियमित गस्तीका क्रममा बारा प्रहरीले १२ किलोभन्दा बढी गाँजासहित दुई जनालाई पक्राउ गरेको छ।



जिल्ला प्रहरी कार्यालय बाराका अनुसार मंगलबार निजगढ नगरपालिका-११ रतनपुरबाट १२ किलो २३० ग्राम गाँजासहित दुई जनालाई नियन्त्रणमा लिइएको हो। पक्राउ पर्नेमा जीतपुरसिमरा उपमहानगरपालिका-१९ इनर्वा सिरहाका ३५ वर्षीय फिरोज देवान र गौर नगरपालिका-९ का १९ वर्षीय तरबेज आलम रहेका छन्। प्रहरीका अनुसार शंकास्पद गतिविधि देखिएपछि गस्ती टोलीले जाँच गर्दा उनीहरूको साथबाट उक्त परिमाणको गाँजा बरामद भएको हो। पक्राउ परेका दुवै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

प्रहरीले लागुऔषध ओसारपसार नियन्त्रणका लागि जिल्लाका विभिन्न स्थानमा निगरानी तथा गस्ती कडा बनाएको पनि जनाएको छ।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


# सम्पादकीय .......

## लामखुट्टे आतंक र नगरपालिकाको जिम्मेवारी

गर्मी सुरु भएसँगै कलैया उपमहानगरपालिका-१ मोतिबाग क्षेत्रमा लामखुट्टेको आतंक बढ्दै गएको समाचारले स्थानीय बासिन्दालाई मात्र होइन, सरोकारवालालाई पनि गम्भीर बनाउनु पर्ने अवस्था सिर्जना गरेको छ। घरभित्र बस्दा होस् वा बाहिर निस्कँदा, लामखुट्टेको टोकाइले दैनिक जीवन नै कष्टकर बनेको स्थानीयको गुनासो छ।

लामखुट्टे वृद्धि हुनुका पछाडि मुख्य कारण खुला नाला, फोहोर व्यवस्थापनको कमजोरी, तथा नियमित सरसफाइको अभाव रहेको देखिन्छ। स्थानीय स्वास्थ्यकर्मीहरूका अनुसार लामखुट्टे नियन्त्रणका लागि आवश्यक इन्सेक्टिसाइड प्रभावकारी रूपमा प्रयोग नभएको र नगरपालिकाको पहल पनि कमजोर रहेको आरोप उठेको छ। कहिलेकाहीँ छरिने विषादीसमेत कम प्रभावकारी भएको गुनासो स्थानीयले गर्दै आएका छन्। यो समस्या केवल असहजता मात्र होइन, जनस्वास्थ्यसँग प्रत्यक्ष रूपमा जोडिएको गम्भीर विषय हो। लामखुट्टेको टोकाइबाट डेंगु, चिकनगुनिया र मलेरिया जस्ता खतरनाक रोग फैलन सक्छन्। समयमै नियन्त्रण नगरेमा यी रोगहरूले महामारीको रूप लिन सक्ने जोखिम रहन्छ। त्यसैले सम्बन्धित निकायले यसलाई सामान्य समस्या ठानेर बेवास्ता गर्ने छुट छैन। नगरपालिकाले नियमित सरसफाइ, खुला नालाको व्यवस्थापन, प्रभावकारी औषधी छर्ने कार्यक्रम तथा जनचेतना अभियान सञ्चालन गर्न तुरुन्तै सक्रियता देखाउन आवश्यक छ। साथै बजेटको पारदर्शी उपयोग र स्थानीय समुदायसँग समन्वय गरेर दीर्घकालीन समाधान खोजिनु जरुरी छ। अर्कोतर्फ, नागरिकहरू पनि आफ्ना घर वरिपरि फोहोर जम्न नदिने, पानी जम्ने ठाउँ हटाउने, झुल प्रयोग गर्ने तथा सरसफाइमा ध्यान दिने जस्ता सावधानी अपनाउनुपर्छ। लामखुट्टे नियन्त्रण सरकारी निकायको मात्र दायित्व होइन, समुदायको सहभागिता पनि उत्तिकै आवश्यक हुन्छ। हरेक वर्ष वातावरण व्यवस्थापनका नाममा बजेट खर्च हुने तर समस्या यथावत् रहनु दुःखद पक्ष हो। यदि अहिले नै प्रभावकारी कदम चालिएन भने आगामी गर्मीमा रोगको जोखिम अझ बढ्ने निश्चित छ। त्यसैले अब प्रश्न उठ्छ–लामखुट्टेबाट फैलने रोगबाट नागरिकलाई जोगाउने जिम्मेवारी कसले लिने? यसको उत्तर स्पष्ट छः स्थानीय सरकार, स्वास्थ्य निकाय र समुदाय सबैले मिलेर तत्काल र ठोस कदम

# प्रशासन सुधारको दिशा



सार्वजनिक प्रशासन केवल संरचनागत परिवर्तनले मात्र सुधार हुँदैन । सोच, संस्कार र कार्यशैलीमा व्यापक परिवर्तन आवश्यक छ । सुशासन, पारदर्शिता, उत्तरदायित्व र व्यावसायिकता कायम गर्न सकिएमा मात्र नेपालको सार्वजनिक प्रशासनले जनताको विश्वास जित्न सक्छ ।



प्रेमलकुमार खनाल

मुलुकमा भर्खरै आमनिर्वाचन सम्पन्न भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुई तिहाइ सिट जितेको छ । विगतका निर्वाचनमा कुनै पनि राजनीतिक दलले बहुमत हासिल गर्न नसक्दा गठबन्धन गरेर सरकार गठन भएको थियो । यसरी गठबन्धन गरेर सरकार गठन हुँदा सरकार स्थिर ढङ्गबाट सञ्चालन हुन सकेको थिएन । सरकारमा भइरहेको फेरबदलले सार्वजनिक प्रशासन पनि स्थिर ढङ्गबाट सञ्चालन हुन सकेको थिएन ।

सार्वजनिक प्रशासन मुलुकको शासन प्रणालीको मेरुदण्ड हो । राज्यका नीतिनिर्माणलाई व्यवहारमा कार्यान्वयन गर्ने प्रमुख संयन्त्र नै सार्वजनिक प्रशासन हो । यसले राज्यका सेवा नागरिकसम्म पुऱ्याउँछ । नेपालमा २००७, २०१७, २०३६, २०४६, २०६२/६३ सालमा भएको राजनीतिक आन्दोलनले विभिन्न चरण पार गरेको छ । प्रत्येक चरणले प्रशासनिक संरचना र कार्यशैलीमा केही न केही परिवर्तन ल्याए पनि प्रशासन आलोचनाबाट मुक्त हुन सकेन । त्यसैले गत भदौमा जेनजी विद्रोह भयो । सुशासन कायम गरी भ्रष्टाचार नियन्त्रण गर्नु यस विद्रोहको मुख्य उद्देश्य थियो ।

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि प्रशासनलाई नागरिकमैत्री, उत्तरदायी, पारदर्शी र प्रभावकारी बनाउने भनियो तर व्यवहारमा अनेकौँ संरचनागत समस्या, राजनीतिक हस्तक्षेप भयो । किन सार्वजनिक प्रशासन चुस्त, दुरुस्त, जनमुखी, निष्पक्ष, तटस्थ र नतिजामुखी हुन सकेन ? भनेर सरकार, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी सबैले नियाल्नु पर्ने भएको छ । राणा शासनमा प्रशासन शासक केन्द्रित थियो । शक्ति केही व्यक्तिमा सीमित थियो । प्रशासनिक पदहरू वंशगत वा नातावादमा आधारित हुन्थ्यो । पञ्चायती व्यवस्थामा पनि केन्द्रीकृत प्रशासन कायम रह्यो । २०४६ सालको जनआन्दोलनपछि बहुदलीय व्यवस्थाको पुनर्स्थापना भयो । प्रशासनमा केही सुधारका प्रयास भए । २०७२ सालमा संविधान जारी भई सङ्घीय प्रणाली लागु भएपछि प्रशासनिक संरचनामा ठुलो पुनर्संरचना गरियो । सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासन व्यवस्था स्थापना गरियो । यद्यपि संरचनात्मक परिवर्तन भए पनि कार्यशैली, सोच र संस्कृतिमा अपेक्षित सुधार हुन सकेन । यसो हुनमा सङ्घीय शासन प्रणाली लागु भए पनि व्यवहारमा अधिकार र स्रोतहरू केन्द्रमा केन्द्रित रह्यो । नीतिगत निर्णय प्रायः केन्द्र सरकारबाटै निर्देशित भए । प्रदेश र स्थानीय तहलाई पर्याप्त आर्थिक तथा प्रशासनिक स्वायत्तता प्रदान गरिएन । प्रदेश र स्थानीय आवश्यकता अनुसार नीति निर्माणमा कठिनाइ भयो । यसले सरकारका नीति, कार्यक्रम र बजेट कार्यान्वयनमा ढिलाइ भयो । सङ्घीयताको मूल भावना भनेको अधिकारको विकेन्द्रीकरण र जनस्तरमा सेवा प्रवाह सुदृढीकरण हो तर सङ्घीय संरचना लागु भए पनि मानसिकता र व्यवहार केन्द्रीकृत नै रह्यो । सार्वजनिक प्रशासनमाथि सबैभन्दा गम्भीर आलोचना भ्रष्टाचारसँग सम्बन्धित छ । घुसखोरी, पदको दुरुपयोग, सार्वजनिक स्रोतको दुरुपयोग जस्ता विषय बारम्बार टिप्पणी र आलोचना हुने गरेका छन् । भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता संवैधानिक निकाय स्थापना गरिएका छन् । साथै महालेखा परीक्षक, राष्ट्रिय सतर्कता केन्द्रलगायतका निकाय पनि क्रियाशील छन् तर भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन । भ्रष्टाचारका कारण निर्णय प्रक्रियामा जटिलता, पारदर्शिताको कमी, राजनीतिक संरक्षण र दण्डहीनताको संस्कृति बढेको छ । ढिलासुस्ती र लालफीताशाही हाबी छ । कागजी प्रक्रिया अत्यधिक जटिल छ । सेवा प्रवाहमा समय बढेको छ । यही कारण सार्वजनिक सेवा गुणस्तरीय हुन सकेको छैन । सार्वजनिक प्रशासन निष्पक्ष र तटस्थ हुनु पर्छ भन्ने सिद्धान्त भए पनि व्यवहारमा राजनीतिक हस्तक्षेप व्यापक छ । कर्मचारीको सरुवा, बढुवा र नियुक्तिमा राजनीतिक प्रभाव हुने गरेको छ । यसले गर्दा प्रशासनिक अस्थिरता, नीति कार्यान्वयनमा निरन्तरताको अभाव हुनका साथै वाञ्छित लक्ष्य हासिल हुन सकेको छैन । राजनीतिक हस्तक्षेपले पेसागत मनोबलमा कमी आएको छ । सेवा प्रवेशका लागि प्रतिस्पर्धात्मक परीक्षा प्रणाली भए पनि कार्यस्थलमा निरन्तर क्षमता विकासका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन । जीवन धान्न पुग्ने तलब सुविधा र उत्प्रेरणाका अन्य उपकरण प्रभावकारी नहुँदा कर्मचारीको मनोबल उच्च हुन सकेको छैन । नागरिक गुनासो व्यवस्थापन प्रणाली प्रभावकारी नभएको, सूचना प्रवाहमा अस्पष्टता, निर्णय प्रक्रियामा पारदर्शिताको कमी र सार्वजनिक निगरानी प्रणाली कमजोर छ । प्रशासनिक अनुशासन उल्लङ्घन भए पनि राजनीतिक प्रभावले कारबाही नहुने प्रवृत्ति छ । यसले दण्डहीनताको संस्कृतिलाई प्रोत्साहन गरेको छ । नैतिक मूल्य र सार्वजनिक सेवाको आदर्श कमजोर हुँदा प्रशासनिक चरित्रमाथि प्रश्न उठ्ने गरेको छ । पटक पटक सरकार परिवर्तनसँगै सरकारका प्राथमिकता तथा कार्यक्रम र कर्मचारी परिवर्तन हुने गरेका छन् । यसले दीर्घकालीन योजना कार्यान्वयनमा बाधा पुऱ्याएको छ । अब बन्ने सरकारले सार्वजनिक प्रशासनमा आमूल सुधार गरेर जनमुखी, जनउत्तरदायी, व्यावसायिक बनाउनु पर्छ । केन्द्रीकृत र एकात्मक ढाँचाको दशकौँ पुरानो सोच, चिन्तन र जटिल प्रशासनिक संरचनाको पुनर्संरचना गर्नु पर्छ । आधुनिक प्रविधिको प्रयोग गरेर 'पेपरलेस' (कागजविहीन), 'फेसलेस' (भौतिक उपस्थितिबिना) र 'क्यासलेस' (प्रत्यक्ष नगद भुक्तानीविहिन) सेवा प्रवाह गर्ने गरी सुधारका प्रक्रिया अगाडि बढाउनु पर्छ । कर्मचारीको क्षमता विकासमा ध्यान दिई कार्यसम्पादन मूल्याङ्कनका लागि स्पष्ट र पारदर्शी मूल्याङ्कन प्रणाली लागु गर्नु पर्छ । भ्रष्टाचारमा संलग्न वा काम नगर्ने कर्मचारीलाई दण्डित गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा लागु गर्नु पर्छ । कर्मचारीको मनोबल उच्च राख्न र कार्यसम्पादनमा उत्प्रेरित गर्न पर्याप्त तलब तथा सुविधाको व्यवस्था गर्नु पर्छ । सार्वजनिक प्रशासनलाई राजनीतिक दबाब र आग्रह-पूर्वाग्रहबाट मुक्त गरिनु पर्छ । राजनीतिज्ञ र प्रशासनबिच द्वन्द्व उत्पन्न हुन नदिन राजनीतिक नेतृत्वमा न्यूनतम शासकीय कौशलताको योग्यता अनिवार्य हुने मापदण्ड विकास गरिनु पर्छ । संवैधानिक अङ्गलाई राजनीतिक हस्तक्षेप मुक्त बनाउनु पर्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता संवैधानिक निकायहरूमा स्वतन्त्र विज्ञको नियुक्ति गर्नु पर्छ । प्रशासनलाई जनमुखी, नतिजामुखी र भ्रष्टाचारमुक्त बनाउन सार्वजनिक सेवा प्रवाहमा आमूल परिवर्तन गर्नु पर्छ । यसका लागि जिल्ला र पालिका तहमा रहेका सबै सरकारी सेवाबाट एकीकृत सेवा केन्द्रको विस्तार गर्नु पर्छ । जनतालाई घरदैलोमा नै सेवा प्रदान गर्न ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र दुर्गमका नागरिकलाई सामाजिक सुरक्षा भत्ता र अत्यावश्यक सेवा घरमै पुऱ्याउने व्यवस्था मिलाउनु पर्छ । यस्तै सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वयात्मक ढङ्गबाट काम गर्न समन्वय परिषद्लाई प्रभावकारी बनाउनु पर्छ । सरकारी कार्यालयबाट तोकिएको समयमा काम नभएमा वा ढिलासुस्ती भएमा सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउँदै सेवाग्राहीलाई क्षतिपूर्ति दिने नियम कडाइका साथ लागु गर्नु पर्छ । हालको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पुनर्संरचना गरी 'सङ्घीय मामिला तथा मानवश्रोत विकास मन्त्रालय' नामकरण गर्नु पर्छ, जसले कर्मचारीको परिचालन, क्षमता विकास, सेवा वितरणको गुणस्तर र अनुगमन गर्न सहयोग पुऱ्याउँछ। प्रशासनिक सङ्घीयतालाई पूर्णता दिन तिनै तहका कर्मचारीको वृत्तिविकास हुने गरी निजामती सेवा ऐनको सट्टामा तत्काल 'एकीकृत सरकारी कर्मचारी सेवा ऐन' जारी गर्नु पर्छ । सार्वजनिक खर्च कटौती गर्न विषय मिल्दो मन्त्रालय एक आपसमा गाभेर प्रशासनिक खर्च कटौती गर्नु पर्छ । यस्तै सरकारी सेवा प्रवाहमा सुधार र विकास निर्माणमा गतिशीलता ल्याउन, अनियमितताको सूक्ष्म निगरानी गर्न एक शक्तिशाली 'प्रशासन तथा विकास निरीक्षण अनुगमन आयुक्त' को व्यवस्था हुनु पर्छ । सरकारी कार्यालयमा सवारीसाधन, कार्यालय समान खरिदमा हुने खर्च कटौती हुनु पर्छ । उच्च तहमा व्यक्तिपिच्छे सवारीसाधन, सवारीचालक, मर्मत सम्भार र पेट्रोल सुविधाको सट्टामा सुविधा सम्पन्न विद्युतीय बस सामूहिक परिवहनको रूपमा प्रयोगमा ल्याउनु पर्छ । यस्तै कर्मचारीलाई दिइने पोसाक सुविधा र कार्यालयमा आवश्यक पर्ने सामान स्वदेशी उद्योगबाट नै उत्पादन हुने प्रयोगमा ल्याउनु पर्छ । वैदेशिक भ्रमणमा जाँदा आयोजकले नै बेहोर्ने कार्यक्रममा दोहोरो ढङ्गबाट दैनिक भ्रमण भत्तालगायत सुविधा प्रदान नगर्ने नीति अवलम्बन गर्नु पर्छ । भ्रष्टाचार नियन्त्रण, सुशासन र नैतिकता प्रवर्धन गर्न शून्य सहनशीलता, अपनाउनु पर्छ । विगतमा राज्य संयन्त्र कब्जा गरी अकुत धनसम्पत्ति कमाउने र अनियमितता र भ्रष्टाचारमा संलग्नको सम्पत्ति छानबिन गरी सार्वजनिकीकरण र जफत गर्न एक शक्तिशाली न्यायिक आयोग गठन गर्नु पर्छ । यस्तै कर्मचारीको सरुवा, पदोन्नति, पदास्थापनामा हुने गरेका अनियमितताले पनि सार्वजनिक प्रशासन वदनाम भएको छ । पूर्वअनुमान योग्य पदोन्नति प्रणाली, चक्रीय सरुवा प्रणाली र उपयुक्त व्यक्तिलाई उपयुक्त स्थानमा पदस्थापना नीति अपनाउनु पर्छ । मुलुकमा युगान्तकारी परिवर्तन भएर संविधान जारी भएको एक दशक व्यतीत भएको छ । सार्वजनिक प्रशासन केवल संरचनागत परिवर्तनले मात्र सुधार हुँदैन । सोच, संस्कार र कार्यशैलीमा व्यापक परिवर्तन आवश्यक छ । सुशासन, पारदर्शिता, उत्तरदायित्व र व्यावसायिकता कायम गर्न सकिएमा मात्र नेपालको सार्वजनिक प्रशासनले जनताको विश्वास जित्न सक्छ । सार्वजनिक प्रशासन सुधारको विषय केवल सरकारको दायित्व मात्र नभई राजनीतिक दल, नागरिक समाज र सञ्चार माध्यम सबैको साझा प्रयासबाट सम्भव हुन्छ । अनिमात्र सार्वजनिक प्रशासन निष्पक्ष, तटस्थ, जनमुखी, नतिजामुखी र उत्तरदायी प्रशासनमा रूपान्तरण हुने छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## ऊर्जा सुरक्षामा चीनको कडाइ

***बेइजिङ, फागुन २८ गते ।***
मध्यपूर्वमा चर्किएको युद्धले विश्व ऊर्जा बजारमा अस्थिरता बढिरहेका बेला चीनले आफ्नो ऊर्जा सुरक्षालाई प्राथमिकता दिँदै परिष्कृत तेल उत्पादनको निर्यातमा कडाइ गरेको समाचार सार्वजनिक भएको छ । ब्लुमबर्ग न्युजका अनुसार बेइजिङले पेट्रोल, डिजेल र जेट इन्धनजस्ता रिफाइन्ड तेल उत्पादनको विदेश पठाउने प्रक्रिया सीमित बनाउन थालेको छ ।



विश्वको दोस्रो ठूलो अर्थतन्त्र मानिने चीन कच्चा तेलको सबैभन्दा ठूलो आयातकर्ता मध्ये एक हो। चीनका विशाल रिफाइनरी उद्योगले मुख्यतया घरेलु बजारलाई आपूर्ति गर्ने भए पनि उसले पेट्रोल, डिजेल र जेट इन्धनजस्ता परिष्कृत तेल उत्पादन विदेश पनि पठाउँदै आएको छ । आधिकारिक भन्सार तथ्याङ्कअनुसार गत वर्ष चीनले करिब पाँच करोड ८० लाख टन रिफाइन्ड तेल उत्पादन निर्यात गरेको थियो ।

तर मध्यपूर्वमा बढ्दो युद्ध तनावका कारण अहिले चिनियाँ तेल रिफाइनरीले पहिले नै सहमति भएका केही निर्यात कार्गो रद्द गर्न थालेका छन्। ब्लुमबर्ग न्युजले यस विषयमा जानकारी राख्ने तर पहिचान नखुलाइएका स्रोतलाई उद्धृत गर्दै यस्तो जानकारी दिएको हो। रिपोर्ट अनुसार पछिल्लो निर्देशन अघिल्लो हप्ता दिइएको मार्गनिर्देशनभन्दा अझ कडा मानिएको छ ।

त्यसबेला ढुवानी अस्थायी रूपमा रोक्ने सल्लाह दिइएको भए पनि त्यसलाई अनिवार्य निर्देशनको रूपमा बुझिएको थिएन। बिहीबार बेइजिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा यस विषयमा सोधिएको प्रश्नमा चीनको विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले आफू यस रिपोर्टबारे जानकार नभएको बताउनुभयो ।

इरानमा अमेरिका र इजरायलबिच सुरु भएको युद्धपछि विश्व ऊर्जा बजार निकै अस्थिर बनेको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बिहीबार प्रतिब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको छ। खाडी क्षेत्रका केही राज्यमा तेहरानले गरेको आक्रमणका कारण ऊर्जा आपूर्ति अवरुद्ध हुने चिन्ता बढेको छ ।

यस अवस्थालाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले रणनीतिक भण्डारबाट कच्चा तेल ठूलो परिमाणमा बजारमा ल्याउने घोषणा गरेको थियो । तर चीन उक्त एजेन्सीको पूर्ण सदस्य नभएकाले संयुक्त रूपमा गरिएको त्यस्तो निर्णयमा सहभागी हुन बाध्य छैन। त्यसैबिच मध्यपूर्वबाट ऊर्जा आपूर्ति प्रभावित हुने चिन्ता अझै कम भएको छैन । विश्व कच्चा तेल आपूर्तिको झण्डै पाँचौं भाग ओहोरदोहोर गर्ने होर्मुज जलडमरूमध्य अहिले प्रभावकारी रूपमा बन्दजस्तै अवस्थामा पुगेको छ । विश्लेषण फर्म क्लेपरका अनुसार गत वर्ष चीनले समुद्री मार्गबाट आयात गरेको कुल कच्चा तेलमध्ये आधाभन्दा बढी हिस्सा मध्यपूर्वबाट आएको थियो । यद्यपि विश्लेषकका अनुसार चीनले वर्षौंदेखि रणनीतिक रूपमा ठूलो तेल भण्डार तयार पार्दै आएकाले छोटो अवधिमा सम्भावित आपूर्ति अवरोध सामना गर्न सक्नेस्थिति छ । क्लेपरको अनुमान अनुसार चीनसँग करिब एक अर्ब २० करोड ब्यारेल बराबरको स्थलमा रहेको कच्चा तेल भण्डार छ । यो परिमाण समुद्री मार्गबाट हुने आयातका आधारमा करिब ११५ दिनका लागि पर्याप्त मानिन्छ ।

यसअघि कारखाना स्तरमा बढ्दो मुद्रास्फीति देखिएपछि बेइजिङले सन् २०२१ मा आफ्नो रणनीतिक तेल भण्डारबाट केही मात्रा बजारमा ल्याउन अनुमति दिएको थियो। त्यो निर्णय राष्ट्रिय खाद्य तथा रणनीतिक भण्डार प्रशासनले घोषणा गरेको थियो । तर हालको विश्व ऊर्जा बजारको उथलपुथलबिच उक्त निकायले अहिलेसम्म यस्तै नयाँ कदम घोषणा गरेको छैन । विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले यसै साता चीनले आफ्नो ऊर्जा सुरक्षाको रक्षा गर्न आवश्यक सबै कदम चाल्ने बताउनुयो ।

## अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले रणनीतिक भण्डारबाट ४० करोड ब्यारेल तेल बजारमा ल्याउने

***काठमाडौं, २८ फाल्गुन –***
अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आईईए) ले मध्यपूर्वमा बढ्दो तनावका कारण तेल बजारमा स्थिरता कायम राख्न रणनीतिक तेल भण्डारबाट इतिहासकै ठूलो मात्रामा तेल निकाल्ने घोषणा गरेको छ। एजेन्सीले कुल ४० करोड ब्यारेल तेल आपूर्ति गर्ने योजना अघि सारेको बीबीसीले जनाएको छ। यो मात्रा लगभग चार दिनको विश्व मागसँग बराबर छ। आईईएको निर्णय ३२ सदस्य देशले सर्वसम्मतिले समर्थन गरेको थियो। एजेन्सीले आफ्नो सदस्य राष्ट्रको राष्ट्रिय आवश्यकता अनुसार आपत्कालीन भण्डारबाट तेल उपयुक्त समयमा बजारमा उपलब्ध गराउने जनाएको छ। यसअघि सन् १९९१, २००५, २०११ र २०२२ मा पनि आईईएको रणनीतिक तेल भण्डारबाट तेल निकालेको इतिहास छ। अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका



अनुसार सदस्य राष्ट्रहरूसँग हाल १ खर्ब २० करोड ब्यारेलभन्दा बढी आपत्कालीन तेल भण्डार रहेको छ। साथै, उद्योगसँग सरकारी दायित्वअन्तर्गत ६० करोड ब्यारेलको अतिरिक्त भण्डार पनि रहेको छ।

मध्यपूर्वमा अमेरिकासहित इजरायल र इरानबीच बढ्दो तनावका कारण हर्मुज समुद्री मार्ग बन्द हुँदा कच्चा तेलको आपूर्ति प्रभावित भएको र मूल्यमा तीव्र वृद्धि भएको छ। हर्मुज मार्ग विश्वभर तेल र ग्यास आपूर्तिका लागि सबैभन्दा महत्वपूर्ण मानिन्छ। हरेक दिन झन्डै २ करोड ब्यारेल तेल यही मार्ग हुँदै विश्व बजारमा आपूर्ति हुन्छ। यो मार्ग पर्सियन खाडी र ओमान खाडीको बीचमा अवस्थित छ।

आईईएको यो कदमले विश्व बजारमा तेलको आपूर्ति सन्तुलनमा मद्दत पुर्‍याउने अपेक्षा गरिएको छ, जसले बढ्दो मूल्यलाई केही नियन्त्रण गर्ने विश्वास गरिएको छ।

## बालेन ...

दिनसक्नेछ र जनतासँगको विश्वास कायम राख्ने अपेक्षा गरिएको छ।

सरकारको प्राथमिक कार्यसूचीमा भ्रष्टाचार नियन्त्रण, सरकारी सेवा प्रवाहमा सरलीकरण, पारदर्शिता र दक्षता ल्याउने योजनाहरू रहेका छन्। यसले जनताले सरकारी कार्यालयमा लामो लाइन बस्न नपर्ने, साना-साना कामका लागि शक्ति केन्द्र धाउनु नपर्ने वातावरण निर्माण गर्ने लक्ष्य राखेको छ।

स्रोतहरूका अनुसार, मन्त्रालयहरूको संख्या घटाउने वा गाभ्ने विषयमा कानुनी परामर्श भैरहेको छ। बालेनले सानो, छरितो र नतिजामुखी मन्त्रिपरिषद् बनाउन चाहेका छन् जसले शीघ्र निर्णय क्षमता र कार्यसम्पादनमा सुधार ल्याउने विश्वास गरिएको छ।

हाल नयाँ सांसदहरू आ-आफ्नो निर्वाचन क्षेत्रमा मतदातालाई धन्यवाद दिन व्यस्त छन्। सबै सांसदहरू काठमाडौं आइपुगेपछि मात्र अन्तिम निर्णय प्रक्रियाले तीव्रता पाउनेछ। बाहिर हल्ला भएजस्तो अन्धाधुन्ध नियुक्तिको सट्टा, पारदर्शी मापदण्डका आधारमा टोली घोषणा हुने छ। नवनिर्वाचित बालेन सरकारले आफ्नो नेतृत्व र कार्यशैलीमार्फत राजनीतिक परम्परागत ढाँचालाई चुनौती दिने, युवा र समावेशी दृष्टिकोणलाई प्राथमिकता दिने र देशभरि जनतालाई प्रत्यक्ष लाभ पुग्ने नतिजामुखी सरकारी कामकाजको मोडेल प्रस्तुत गर्ने अपेक्षा गरिएको छ।

## ग्यास अभाव...

एउटा महत्वपूर्ण परीक्षा बन्नेछ। तत्काल आपूर्ति सहज बनाउने, छिमेकी देशसँग कूटनीतिक पहल गरेर आयात सुनिश्चित गर्ने, भण्डारण क्षमता बढाउने र बजार अनुगमन कडा बनाउने काम सरकारले प्राथमिकतामा राख्नुपर्नेछ। साथै दीर्घकालीन ऊर्जा नीति स्पष्ट बनाएर स्वदेशी ऊर्जा प्रयोग बढाउने दिशा पनि तय गर्नुपर्छ।

ग्यास अभावको समस्या समाधान केवल सरकारको प्रयासले मात्र सम्भव हुँदैन। नेपाल आयल निगम, ग्यास उद्योग, वितरण प्रणाली र उपभोक्ता सबैले जिम्मेवारीका साथ व्यवहार गर्नुपर्ने हुन्छ। अनावश्यक रूपमा सिलिन्डर भण्डारण नगर्ने, वितरण प्रणाली पारदर्शी बनाउने र कालोबजारी नियन्त्रण गर्ने काममा सबैको सक्रिय भूमिका आवश्यक छ। नेपालले ग्यास अभावको समस्या धेरैपटक भोगिसकेको छ। तर हरेक संकटपछि पनि दीर्घकालीन समाधानतर्फ ठोस कदम चाल्न नसक्दा समस्या फेरि दोहोरिने गरेको छ। अब भने ग्यास अभावलाई केवल समस्या होइन, ऊर्जा नीति परिवर्तन गर्ने अवसरका रूपमा लिनुपर्ने समय आएको छ।

स्वदेशी ऊर्जा प्रयोग बढाउने, आयात निर्भरता घटाउने र सम्भावित प्राकृतिक स्रोतको उपयोग गर्ने स्पष्ट योजना अघि सार्न सके मात्र नेपालले बारम्बार दोहोरिने ग्यास अभावको चक्र तोड्न सक्नेछ।

## रास्वपा ...

यस परिणामले परम्परागत दलहरू - नेपाली काँग्रेस, एमाले र अन्य पुराना दलहरू - जनताबाट असन्तुष्टिपूर्वक नकारिएका देखाउँछ। साना दलहरूको भूमिका आगामी संसदमा गठबन्धन र सन्तुलन कायम राख्न निर्णायक हुनसक्ने देखिन्छ।

राजनीतिक विश्लेषकहरूले यसलाई नेपालको राजनीतिमा नयाँ शक्ति सन्तुलनको संकेतका रूपमा व्याख्या गरेका छन्। रास्वपाको अग्रस्थानले न केवल दलको स्थायित्व र प्रभुत्व सुनिश्चित गर्नेछ, तर आगामी नीति निर्माण, सामाजिक-आर्थिक कार्यक्रम, र राष्ट्रिय योजना कार्यान्वयनमा पार्टीको प्रभुत्व स्पष्ट बनाउनेछ।

यसरी, प्रत्यक्ष र समानुपातिक दुवै मतमा अग्रस्थान हासिल गरी र ास्वपाले राजनीतिक परिदृश्यमा ठूलो परिवर्तन ल्याएको छ। आगामी संसदमा पार्टीको भूमिका निर्णायक रहने र पुराना दलहरूको प्रभाव सीमित हुने देखिन्छ, जसले नेपालको राजनीति र जनतासँगको सम्बन्धमा नयाँ दिशा दिनेछ।

## सुर्खेतकी १६ वर्षीया इनिसा विक बलात्कारपछि हत्या: न्यायको माग उठ्दै

***फागुन २८, २०८२,***
काठमाडौं – सुर्खेतकी इनिसा विकको बलात्कारपछि हत्या भएको घटनाले नेपाली समाजलाई फेरि झस्काएको छ। २०७८ साल यता कर्णाली प्रदेशमा मात्र ८८२ वटा जबर्जस्ती करणीका घटना भएका छन्। तीमध्ये इनिसाको घटना सबैभन्दा गम्भीर ठहरिएको छ र यसले महिला सुरक्षा, न्याय प्रणाली र सामाजिक चेतनामाथि प्रश्न खडा गरेको छ।



इनिसा, १६ वर्षीया, वीरेन्द्रनगर-१ निवासी, स्थानीय उषा बालवाटिका विद्यालयमा कक्षा ११ मा विज्ञान संकायमा अध्ययनरत थिइन्। उनका बाबु इन्द्रबहादुर विक नेपाली सेनाबाट अवकाश पाएपछि दुबई प्रहरीमा कार्यरत छन्। परिवारले उनलाई आमा र भाइसँग बस्नका लागि वीरेन्द्रनगर-६ ल्याएको थियो। शनिबार बिहान ६ बजे इनिसा ट्युसन पढ्न निस्किएकी थिइन्। तर दिउँसो ९ बजेसम्म घर फर्किन नआएपछि उनकी आमाले उनलाई खोजी गर्न थालिन्। केहीबेरमा अनजान नम्बरबाट फोन आएर उनलाई इनिसा सहिद पार्कको जंगलमा बेहोस अवस्थामा रहेको जानकारी दिइयो। घटनास्थल पुग्दा इनिसाको शरीर नग्न, रक्ताम्मे र कपाल लुछिएको अवस्थामा थियो। स्थानीय र प्रहरीले उनलाई तत्काल प्रदेश अस्पताल पुर्‍याए, तर डाक्टरले मृत घोषणा गरे।

पोस्टमार्टम रिपोर्टले देखाएको छ कि इनिसाको यौनांगको भित्री र बाहिरी भाग च्यातिएको र अत्यधिक रक्तस्राव भएको कारण मृत्यु भएको हो। प्रारम्भिक अनुसन्धान अनुसार, बलात्कारपछि हत्या भएको पुष्टि भएको छ। घटनास्थलबाट एकजनालाई तुरुन्तै पक्राउ गरिएको थियो। त्यसपछि थप तीन जना नाबालक (१८ वर्षमुनिका) पक्राउ परे। परिवारले चारजनाविरुद्ध कर्तव्य ज्यान र जबर्जस्ती करणीसम्बन्धी उजुरी दर्ता गराएका छन्। प्रारम्भिक बयान अनुसार, किशोरीसँग शारीरिक सम्पर्क गर्दा अत्यधिक रक्तस्राव भएको खुलासा भएको छ।

पीडित परिवार, नागरिक समाज, विद्यार्थी र महिला अधिकारकर्मीहरूले निष्पक्ष अनुसन्धानको माग गर्दै सुर्खेत, बाँके, दाङ र काठमाडौंमा प्रदर्शन गरेका छन्। इनिसाका बुबा इन्द्रबहादुर विकले भनेका छन्, "छोरीले न्याय नपाएसम्म शव बुझ्दिनँ।"

यो घटना नेपाली समाजमा सुरक्षा, महिला अधिकार र न्याय प्रणालीप्रति विश्वासको परीक्षण बनेको छ। यस्ता घटनाले कानून कार्यान्वयन, प्रहरी अनुसन्धानको क्षमता र समाजिक चेतनामाथि गम्भीर प्रश्न उठाउँछ। पीडित परिवार र नागरिक समाजले दोषीलाई कडा सजाय दिनुपर्ने माग गर्दै न्याय सुनिश्चित गर्न निरन्तर दबाब दिइरहेका छन्।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
जीतपुरसिमरा उपहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# ग्यास अभाव बढेपछि आधा सिलिन्डर मात्रै वितरण गर्ने निर्णय

*काठमाडौं, फागुन २८ -*
बजारमा खाना पकाउने ग्यासको अभाव बढ्दै गएपछि अब उपभोक्ताले आधा सिलिन्डर मात्रै ग्यास पाउने भएका छन्। नेपाल आयल निगमको बिहीबार बसेको सञ्चालक समितिको बैठकले यस्तो निर्णय गरेको हो।



निगमका कार्यकारी निर्देशक चण्डीकाप्रसाद भट्टका अनुसार उपभोक्ताले आवश्यकभन्दा बढी ग्यास सिलिन्डर घरमै भण्डारण गर्न थालेपछि बजारमा समान रूपमा आपूर्ति गर्न आधा सिलिन्डर वितरणको व्यवस्था लागू गरिएको हो।

पछिल्लो समय पश्चिम एसियामा बढ्दो द्वन्द्व र आपूर्ति अनिश्चित हुने आशंकाका कारण धेरै उपभोक्ताले ग्यास भण्डारण गर्न थालेका छन्। त्यसले बजारमा कृत्रिम अभाव देखिन थालेपछि निगमले यस्तो कदम चालेको जनाएको छ।

नेपालले भारतको इन्डियन आयल कर्पोरेशन (आईओसी) बाट ग्यास आयात गर्दै आएको छ। तर पछिल्ला दिनहरूमा भारतबाट मागअनुसार ग्यास आपूर्ति हुन सकेको छैन। नेपालमा दैनिक करिब १२० बुलेट ग्यास आवश्यक पर्ने भए पनि अहिले करिब ८० बुलेट मात्र आइरहेको निगमले जनाएको छ।

यसअघि पनि २०७२ सालको भारतीय नाकाबन्दीका बेला सरकारले उपभोक्तालाई आधा सिलिन्डर मात्रै ग्यास वितरण गर्ने व्यवस्था लागू गरेको थियो। अहिले पनि आपूर्ति व्यवस्थापन र सबै उपभोक्तालाई ग्यास उपलब्ध गराउने उद्देश्यले सोही उपाय अपनाइएको निगमले जनाएको छ।

# स्वास्थ्य बीमामा लापर्वाही उजागर, बाहिर औषधि किन्न लगाउने अस्पताललाई बोर्डको चेतावनी

*काठमाडौं, २८ फाल्गुन -*
स्वास्थ्य बीमा बोर्डले बीमितहरूलाई अस्पताल बाहिरका पसलबाट औषधि र स्वास्थ्य सामग्री किन्न लगाउने कार्य रोक्न सबै स्वास्थ्य संस्थालाई कडा निर्देशन जारी गरेको छ। बोर्डले उल्लेख गरेको छ कि बीमा प्याकेजमा समावेश औषधि अस्पतालले आफैं उपलब्ध गराउनुपर्ने कानुनी प्रावधान हुँदाहुँदै केही अस्पतालहरूले बिरामीलाई बाहिर पठाएर नगदमा औषधि किन्न बाध्य गराइरहेका थिए।




बोर्डका सूचना अधिकारी विकेश मल्लका अनुसार सबै सूचीकृत अस्पताललाई जारी परिपत्रमा यस प्रकारको प्रवृत्ति तुरुन्त बन्द गर्न भनिएको छ। यसरी नियम उल्लङ्घन गर्ने स्वास्थ्य संस्थालाई स्वास्थ्य बीमा ऐन र नियमावली २०७५ बमोजिम कडा कारबाही गरिने चेतावनी पनि बोर्डले दिएको छ। विशेषगरी बीमाको सेवा प्याकेजभित्रै समेटिएका औषधि अस्पताल आफैंले उपलब्ध गराउनुपर्नेमा बाहिरका निजी पसलहरूमा पठाउनु निर्देशिका र कार्यविधि विपरीत रहेको बोर्डको भनाइ छ।

सूचना अधिकारी मल्लले स्वास्थ्य बीमा नियमावलीको नियम १८ को उपनियम (१) को खण्ड (क) अनुसार दोषी अस्पताललाई कानुनी कठघरामा ल्याइने स्पष्ट पार्नुभएको छ। यसले सरकारी र निजी दुवै क्षेत्रका सूचीकृत अस्पताललाई थप जिम्मेवार बनाउने अपेक्षा गरिएको छ।

हाल कार्यान्वयनमा रहेको स्वास्थ्य बीमा कार्यक्रमले पाँच जनाको परिवारलाई वार्षिक ३,५०० रुपैयाँ योगदानको आधारमा १ लाख रुपैयाँसम्म उपचार सुविधा प्रदान गर्दै आएको छ। परिवारमा पाँचभन्दा बढी सदस्य भएमा प्रति सदस्य ७०० रुपैयाँ थप गरेर थप सुविधा प्राप्त गर्न सकिने व्यवस्था छ।

नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न ल्याइएको यो कार्यक्रममा अस्पतालहरूको लापर्वाहीले बीमितहरूलाई आर्थिक भारमा पारेको थियो। बोर्डको नयाँ निर्देशनले बिरामीहरूलाई अस्पतालभित्रै औषधि उपलब्ध गराउने व्यवस्थालाई बल दिने र उनीहरूलाई केही राहत दिने अपेक्षा गरिएको छ।

# मध्यपूर्वमा रहेका नेपाली सुरक्षित, आवश्यक परे उद्धारका लागि सरकार तयारी अवस्थामा

*काठमाडौं, फागुन २८ -*
मध्यपूर्व तथा खाडी क्षेत्रमा रहेका नेपाली नागरिक हालसम्म सुरक्षित रहेको नेपाल सरकारले जनाएको छ। इजरायल-अमेरिका र इरानबीच बढ्दो क्षेत्रीय तनावका बीच पनि त्यहाँ रहेका नेपालीको अवस्थाबारे निरन्तर निगरानी भइरहेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको हो।




मन्त्रालयका अनुसार खाडी तथा मध्यपूर्वका विभिन्न देशमा करिब १७ लाख २९ हजार नेपाली कार्यरत छन्। तीमध्ये हालसम्म ६३ हजारभन्दा बढी नेपालीले सरकारको अनलाइन पोर्टलमा आफ्नो विवरण दर्ता गराएका छन्। दर्ता गर्नेहरूमध्ये करिब ५ हजारले आफूलाई असुरक्षित रहेको उल्लेख गरे पनि हालसम्म सबै नेपाली सुरक्षित रहेको मन्त्रालयले जनाएको छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीका अनुसार सुरुमा फाराम भर्दा केहीले आफू असुरक्षित रहेको उल्लेख गरे पनि पछिल्लो समय त्यस्तो संख्या घट्दै गएको छ। कतिपयले पछि सम्पर्क गरेर आफू सुरक्षित रहेको जानकारी समेत गराएका छन्।

यसैबीच परराष्ट्रमन्त्री बालानन्द शर्माले आवश्यक परे विदेशमा रहेका नेपालीलाई उद्धार गर्न सरकार पूर्ण तयारी अवस्थामा रहेको बताएका छन्। मन्त्रालयले सम्भावित उद्धार तथा समन्वयका लागि 'सिचुएसन सेन्टर' स्थापना गरी विदेशस्थित नेपालीको विवरण अद्यावधिक गर्ने काम भइरहेको उनको भनाइ छ।

सरकारले यूएई, साउदी अरब, कतार, ओमान, बहराइन लगायत देशमा रहेका नेपालीको सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै ती देशका सरकार तथा सम्बन्धित निकायसँग निरन्तर कूटनीतिक पहल गरिरहेको जनाएको छ। विशेषगरी ट्रान्जिटमा रहेका नेपालीलाई गन्तव्यसम्म पुग्न सहजीकरण गर्न विभिन्न देशसँग समन्वय भइरहेको मन्त्रालयले जनाएको छ।

यसका साथै नेपालले संयुक्त राष्ट्रसंघसँग सम्बन्धित निकायहरू आईओएम र आईएलओ सँग समेत सहकार्य गर्दै आवश्यक परे सहयोग लिन सकिने तयारी गरिरहेको छ।

# मधेसमा प्रतिनिधिसभा निर्वाचन : अधिकांश उम्मेदवारको जमानत जफत

*वीरगञ्ज, फागुन २८ -*
मधेस प्रदेशमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनको मतगणना लगभग टुंगिँदै जाँदा अधिकांश उम्मेदवारले जमानत जोगाउन नसकेको तथ्य सार्वजनिक भएको छ। ३२ निर्वाचन क्षेत्रमध्ये ३१ क्षेत्रको परिणाम आउँदा कुल ९८५ उम्मेदवारमध्ये ८९४ जनाको जमानत जफत भएको छ भने ९१ जनाले मात्र जमानत जोगाउन सफल भएका छन्।



निर्वाचन ऐनअनुसार सदर मतको १० प्रतिशतभन्दा कम मत ल्याउने उम्मेदवारको जमानत जफत हुने व्यवस्था छ। सार्वजनिक भएका नतिजाले मधेसमा धेरै उम्मेदवारले न्यून मत प्राप्त गरेको देखाएको छ।

जिल्लागत विवरणअनुसार सप्तरीका चार क्षेत्रमा १०२ उम्मेदवारमध्ये ९० जनाको जमानत जफत भएको छ भने १२ जनाले मात्र जोगाएका छन्। सिराहाका चार क्षेत्रमा १३८ उम्मेदवारमध्ये १२७ जनाको जमानत जफत भएको छ र ११ जनाले मात्र जमानत बचाएका छन्।

त्यस्तै धनुषाका तीन क्षेत्रमा ११६ उम्मेदवारमध्ये १०६ जनाको जमानत जफत भएको छ भने १० जनाले मात्र जोगाउन सकेका छन्। महोत्तरीका चार क्षेत्रमा १३९ उम्मेदवारमध्ये १२७ जनाको जमानत जफत भएको छ भने १२ जनाले जोगाएका छन्। सर्लाहीका चार क्षेत्रमा १३१ उम्मेदवारमध्ये १२२ जनाको जमानत जफत हुँदा ९ जनाले मात्र जोगाएका छन्।

रौतहटका चार क्षेत्रमा १४२ उम्मेदवारमध्ये १२८ जनाको जमानत जफत भएको छ भने १४ जनाले जमानत बचाएका छन्। यसैगरी बाराका चार क्षेत्रमा ११० उम्मेदवारमध्ये ९९ जनाको जमानत जफत भएको छ भने ११ जनाले जोगाएका छन्। पर्साका चार क्षेत्रमा १०७ उम्मेदवारमध्ये ९५ जनाको जमानत जफत हुँदा १२ जनाले मात्र जमानत बचाउन सफल भएका छन्।

पार्टीगत रूपमा भने राष्ट्रिय स्वतन्त्र पार्टीले जमानत जोगाउने मामिलामा उल्लेखनीय सफलता पाएको छ। मधेसमा उम्मेदवारी दिएका पार्टीका ३१ उम्मेदवारमध्ये सबैले जमानत बचाएका छन्, जसमा ३० जना निर्वाचित भएका छन् भने एक जना तेस्रो स्थानमा रहेका छन्।

त्यस्तै नेपाली कांग्रेसका ३१ उम्मेदवारमध्ये २२ जनाले जमानत जोगाए पनि निर्वाचित भने एक जना मात्र भएका छन्। ८नेकपा (एमाले)८का १६, जनता समाजवादी पार्टी नेपालका ९ र नेपाल कम्युनिस्ट पार्टीका ९ उम्मेदवारले जमानत जोगाएका छन्। साथै आजपा, जनमत पार्टी, नेपाल सङ्घीय समाजवादी पार्टी र स्वाभिमान पार्टीका एक-एक उम्मेदवारले जमानत बचाउन सफल भएका छन्।

यसैबीच धनुषा-१ को नतिजा भने उम्मेदवारीसम्बन्धी विवादका कारण अझै औपचारिक रूपमा सार्वजनिक भएको छैन। राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार किशोरी साहको उम्मेदवारी खारेज गरिए पनि मतपत्रमा रहेको पार्टीको चुनाव चिह्नमा सबैभन्दा बढी मत परेको थियो। तर निर्वाचन आयोगले भने नेपाल कम्युनिस्ट पार्टीका उम्मेदवार मातृका प्रसाद यादवलाई निर्वाचित घोषणा गर्दै प्रमाणपत्र प्रदान गरेको छ। निर्वाचन आयोगका अनुसार बाँकी रहेको उक्त क्षेत्रको विवाद टुंगिएपछि मधेस प्रदेशको पूर्ण निर्वाचन तथ्यांक सार्वजनिक हुने

# रास्वपा प्रभुत्व बालेनप्रति जनताको आपार मत, प्रत्यक्ष र समानुपातिक दुवैमा अग्रस्थान

काठमाडौं - प्रतिनिधि सभाका १६५ निर्वाचन क्षेत्रमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले १२५ सिट जितेर बहुमतको नजिक पुग्दा देशको र ाजनीतिक परिदृश्यमा नयाँ उचाइ कायम गरेको छ। यस ऐतिहासिक जितसँगै पार्टीले समानुपातिक मतमा पनि स्पष्ट अग्रस्थान हासिल गरेको छ, जसले आगामी संसदमा यसको निर्णायक भूमिका सुनिश्चित गर्ने देखिन्छ। रास्वपाले समानुपातिक मतमा ५१,८३,४१३ मत (४८.५%) प्राप्त गरेको छ, जसले जनताले पुराना दलहरूलाई असन्तुष्टिपूर्वक नकारेको स्पष्ट संकेत दिएको छ।






समानुपातिक मत परिणामअनुसार , नेपाली काँग्रेसले १७,५७२,७०२ मत (१६.५%), नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले १४,५५,८८५ मत (१३.६%), नेपाली कम्युनिष्ट पार्टीले ७,२१५,७०७ मत (७.६%), र श्रम संस्कृति पार्टीले ३,८५,९०२ मत ( ३.६%) पाएको छ। साथै, राष्ट्रिय प्रजातान्त्रिक पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय परिवर्तन पार्टी लगायत साना दलहरूले संयुक्त रुपमा करिब १०% मत प्राप्त गरेका छन्। अन्य साना दल र स्वतन्त्र उम्मेदवारहरूले बाँकी मत पाएका छन्।

विश्लेषकहरूको अनुसार, रास्वपाको दुवै मतमा अग्रस्थानले पुष्टि गरेको छ कि पार्टीको जनसमर्थन अत्यधिक छ र आगामी संसदमा यसको प्रभुत्व निर्णायक हुनेछ। प्रत्यक्षतर्फ १२५ सिट जितेर पार्टी बहुमतको नजिक पुगेको छ, जसले विधायिकामा नीति निर्माण, बजेट, र महत्वपूर्ण निर्णयमा पार्टीलाई निर्णायक बनाउने छ।

बाँकी तेस्रो पृष्ठमा

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।